# धुनिवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. ०८१/०८२
च.नं.

मितिः- २०८१/०९/१९

## वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीहरुलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सुचना ।

चालु आ.व. २०८१/०८२ मा प्रदान गरिने **वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कार कार्यक्रमः** वैदेशिक रोजगारीबाट फर्किएर उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारकालागि **मिति २०८१/०९/१६** गते सुचना प्रकाशन भएको हुँदा देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले "विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६" को अनुसूची-२ अनुसारको आवेदन फाराम भरी खामबन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित **मिति २०८१/१०/०७ भित्र** श्रम, रोजगार तथा सामाजिम सुरक्षा मन्त्रालय, सिहंदरवार काठमाडौँको रोजगार समन्वय तथा सुचना शाखामा दर्ता गराउनहुन अथवा स्क्यान गरी मन्त्रालयको इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन सम्वन्धित सबैका लागि यो सुचना प्रकाशन गरिन्छ । आवेदनको फारम र सो सम्वन्धी कार्यविधि मन्त्रालयको वेवसाइट www.moless.gov.np बाट Download गर्न सकिन व्यहोरा जानकारीका लागि अनुरोध छ ।

| **आवश्यक योग्यता** | **अनुसूची फारम-२ साथ संलग्न गर्नुपर्ने कागजातहरु (प्रतिलिपिको हकमा स्वयंले प्रमाणित गर्नुपर्ने)** |
|---|---|
| १. कार्य भिसामाविदेश गई कम्तिमा १ बर्ष काम गरी फर्किएका<br>२. वैदेशिक रोजगारीबाट नेपाल फर्जी व्यवसाय सञ्चालन गरे को न्यूनतम १ वर्ष पूरा भएका<br>३. विगत ५ वर्षभित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार का लागि आवेदन पेश गरेतापनि छनोटमा नपरेका हरुका लागि समेत । | १ नेपाली नागरिकताको प्रतिलिपि,<br>२. श्रम स्वीकृतिको प्रतिलिपि,<br>३. भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४. व्यवसाय दर्ता प्रमाणपत्र को प्रतिलिपि,<br>५. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६. गत आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७. यस अधि पुरस्कार प्राप्त नगरेको स्वः घोषणा |

थप जानकारीका लागि www.moless.gov.np मा हेर्न वा फोन नं. ०१-४२११६७८ र ९८४३७२५००० मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रमिला पाठक
रोजगार संयोजक
अधिकृत